# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बुटवल, रुपन्देही
### लुम्बिनी प्रदेश, नेपाल
## वोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति २०७७/०६/२७**

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको चालु आ.व.२०७७/०७८ का लागि स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको कार्य सिलबन्दी वोलपत्रद्धारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट देहाय बमोजिमको कार्य गर्न ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ वोलपत्र फाराममा उल्लेखित आईटमहरुको इकाई दर अंक र अक्षरमा प्रष्ट संग लेख्नुपर्नेछ । इकाई दर अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । बोलपत्रमा माग भएका सबै आईटमको दररेट नलेखि वा अपुरो दररेट लेखि पेश गरेमा उक्त वोलपत्र रद्द गरिनेछ ।

२. कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/ आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

३ वोलपत्रदाताले वोलपत्रसाथ धरौटी वापतको रकम रु.६५०००/-वोलपत्र जमानत वापत यस नगर कार्यपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक खस्यौली शाखामा रहेको कार्यालय कोड नं ८०१०५४८०१ धरौटी खाता नं.**३१२०१००३०३०४०१००२ मा** रकम जम्मा गरेको सक्कल बैंक भौचर वा वोलपत्र दाखिला गर्ने अन्तिम मितिले न्यूनतम १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

४. वोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट सोही समयमा वोलपत्र खरिद र दाखिला गर्ने कार्य हुनेछ ।

५ वोलपत्रदाताले वोलपत्र फाराममा उल्लेख गरेको दररेट २०७८ आषाढ मसान्त सम्म कायम रहने छ । सो अबधिभरमा कुनै पनि कारणबाट दिइएको दररेटमा मुल्य बढाउन पाईने छैन ।

६ वोलपत्रदाताले वोलपत्र फाराममा उल्लेखित स्पेसिफिकेशन बमोजिमका सामानहरु छपाई गरी आपुर्ति गर्नुपर्नेछ ।

७ वोलपत्र फाराममा उल्लेखित सामानको परिमाणमा थप/घट गरी आपूर्ति गर्ने/नगर्ने साथै वोलपत्र फाराममा उल्लेखित सामानहरु कार्यालयको आवश्यकता अनुसार छपाई गर्ने/नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८ स्वीकृत वोलपत्रदातासंग २०७८ आषाढ मसान्त सम्म वोलपत्र फाराममा उल्लेखित सामानहरु स्वीकृत दररेटको आधारमा कार्यालयको आवश्यकता अनुसार पटक/पटक आपूर्ति गरिनेछ ।

९ स्वीकृत वोलपत्रदातासंग सम्झौता भई खरिद आदेश दिएको मितिले ७ (सात) दिन भित्र खरिद आदेश बमोजिमका सामानहरु छपाई गरी आपूर्ति गरी सक्नु पर्नेछ ।

१० सार्वजनिक खरीद ऐन २०६३, (संसोधन सहित) सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं वोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको वोलपत्रमा कुनै कारवाही हुनछैन ।

११ वोलपत्रमा उल्लेखित सामानहरुको नमुना र अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१२ प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

| सि. न. | ठे.न . | कामको विवरण | वोलपत्र दस्तुर रु | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ०७/२०७७/ ०७८ | विभिन्न छपाई कार्य | ३,०००.०० | मिति २०७७/०७/२६ गते कार्यालय समय भित्र | मिति २०७७/०७/२७ गते दिनको १२.०० बजे भित्र | मिति २०७७/०७/२७ गते दिनको १.०० बजे |

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय